engage^ny
Our Students. Their Moment.

# अभिभावकहरूका लागि साझा मूल सामाग्री स्रोतहरु

## कहाँबाट धेरै सिक्नु र धेरै पाउनु

## राष्ट्रिय स्रोतहरू

**विद्यार्थीको सफलताका लागि राष्ट्रिय अभिभावकहरूको लागि मार्ग-निर्देशिका**

http://pta.org/parents/content.cfm?ItemNumber=2583

माथि उल्लेख गरेको वेब-साइटमा विविध प्रकारका सामाग्रीहरू राखिएका छन्, जसभित्र अङ्ग्रेजी भाषा कला (ELA) तथा गणितमा मापदण्डमा भएको परिवर्तनहरू बारे वर्णन गर्ने एउटा संक्षिप्त मार्ग-निर्देशिका पनि पर्दछ। मार्ग-निर्देशिकाहरू प्रत्येक ग्रेड K देखि 8 सम्म र हाइ स्कूलका लागि विषय अनुसार उपलब्ध छ।

मार्ग-निर्देशिकाहरू अङ्ग्रेजी तथा स्प्यानिशमा उपलब्ध छ र यसमा निम्न कुराहरू पर्दछन्:

- नयाँ मापदण्ड अन्तर्गत प्रत्येक कक्षामा अङ्ग्रेजी भाषा कला तथा गणितमा बालबालिकाहरूले के कस्ता कुराहरु सिक्ने छन्।
- आफ्ना बालबालिकाको सिकाइमा सहयोग गर्न माता-पिताहरूले गर्ने क्रियाकलापहरू।
- आफ्ना बालबालिकाको शिक्षकसँग बलियो सम्बन्ध स्थापित गर्न माता-पिताहरूलाई सहयोग पुग्ने तरिकाहरू।
- कलेज तथा करियर तत्परताका लागि तयारी गर्ने उपायहरू।

**ग्रेट सिटी स्कूल परिषद् - अभिभावकको लागि दिशा निर्देशिका**

http://www.cgcs.org/Domain/36

योसाइटमा K-8 सम्म प्रत्येक ग्रेडको ELA तथागणितका लागि अङ्ग्रेजीतथास्प्यानिशभाषामा व्यक्तिगतदिशानिर्देशउपलब्ध छ। यी निर्देशहरूद्वारा आफ्ना बच्चाले सिक्दै गरेका कुराहरूका बारेमा साथै उक्त सिकाइमा कसरी सहयोग पुर्‍याउन सक्छन् भनेर माता-पिताहरूलाई मार्गदर्शन प्रदान गरिन्छ। चुनिएको मापदण्ड कसरी सालै पिछे परिवर्तन हुन्छ भनेर देखाउने समयरेखा पनि यिनीहरूमा उपलब्ध छ ता कि हाइ स्कूल सक्दा विद्यार्थीहरू कलेज- तथाकरियर-तत्परहुनेछन्।

द ग्रेट सिटि स्कूल परिषदले एउटा माता-पिता-मैत्रीतीन मिनटको भिडियो पनि उत्पादन गरेको छ जसमासाझा अन्तरङ्ग मापदण्डबारे वर्णन गरिएको छ, र यहाँ उपलब्ध छ :http://www.commoncoreworks.org

**स्ट्यान्ड फर चिल्ड्रन वेबसाइट (Stand for Children Web site)**

http://stand.org/national/blog/2012/09/10/common-core-standards-building-strong-foundation-our-childrens-success

द स्ट्यान्ड फर चाइल्ड वेब-साइटमा राज्यले किन CCSS लागु गरेको, शिफ्टहरू के के हुन् र विद्यार्थीहरूका लागि के कुरामा परिवर्तन हुनेछ त्यसबारे एउटा संक्षिप्त जानकारी तथा अभिभावक-मैत्री विवरण उपलब्ध छ।

## न्यू योर्क स्रोतहरू

**एन्गेज न्यू यर्क अभिभावक तथा परिवारका लागि स्रोतहरु**

http://engageny.org/parent-and-family-resources

यो पृष्ठबाट यहाँ बताइएको स्रोतहरूका साथै अन्य स्रोतहरूमा जाने लिङ्क छ, जसमा अभिभावकहरूलाई न्यू योर्कले कसरी साझा अन्तरङ्ग सिकाई मापदण्ड लागु गर्दैछ तथा कक्षाहरूमा कस्तो लाग्नेछ भन्ने विषयमा अझ राम्ररी बुझ्न सहयोग गर्ने मार्ग-निर्देशिका र क्रियाकलापहरू राखिएका छन्।

**एन्गेज न्यू योर्क साझा अन्तरङ्ग मूल्याङ्कन**

**(Engage New York Common Core Assessments)**

http://engageny.org/common-core-assessmentsandhttp://engageny.org/resource/test-guides-for-english-language-arts-and-mathematics

साझा अन्तरङ्ग मुल्यांकनहरु बारे थप जानकारी चाहने अभिभावकहरूका लागि स्रोत तथा जानकारी, साथै परीक्षा मार्ग-निर्देशिका र नमुना प्रश्नहरू।

**परिवारका लागि न्यू योर्क शहर शिक्षा विभागको साझा अन्तरङ्ग पुस्तकालय**

**(New York City Department of Education Common Core Library for Families)**

http://schools.nyc.gov/Academics/CommonCoreLibrary/ForFamilies/default.htm

यो वेब-साइटमा साझा अन्तरङ्ग बारे एउटा संक्षिप्त रुप रेखा साथै निम्न अनुसार विभिद भाषाहरूमा भिडियो र यसको आलेख जस्ता स्रोतहरू राखिएका छन्: अरबिक, बङ्ग्ला, चाइनिज, फ्रेन्च, हाइटियन, क्रेयोल, कोरियन, रशियन, स्प्यानिश र उर्दु।